"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखि र समृद्ध, हाम्रो तातोपानी"

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट, जुम्ला

कर्णाली प्रदेश, नेपाल

प.स. २०८०/८१

च.न. ९८२

सूचना ! सूचना !! सूचना !!!

विषयः दुर्गा मावि लाम्रामा भएको घटनाको विषयमा छानबिन समिति गठन गरेको सम्बन्धमा ।

विद्यालय शिक्षाको पवित्र मन्दिर हो जहाँ सुरक्षित, भयरहित र हिंसारहित तवरले शिक्षण क्रियाकलाप सञ्चालन हुने शान्ती क्षेत्र पनि हो । विद्यार्थीहरु भविष्यका कर्णाधार हुन र उनिहरुको भविष्य निर्माणमा विद्यालय व्यवस्थापन समिति, अभिभावक र शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालय व्यवस्थापन समितिको कुशल व्यवस्थापकिय पक्ष र शिक्षकहरुको असल शिक्षण क्रियाकलापले मात्र विद्यालय उत्कृष्ट हुने हो तर तातोपानी गाउँपालिका वडा नं ५ स्थित ऐरेनीमा अवस्थित दुर्गा माविमा मिति २०८१ असार ११ गते विद्यालय समयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री आदि प्रसाद न्यौपाने, नि.मा.वि. शिक्षक श्री जय शंकर धिताल र शिक्षक श्री टेक बहादुर रोकाया बीच आपासी विवाद पश्चात ढुङ्गामुढा र हातपात भएको खबरप्रति गम्भिर ध्यानाकर्षण भएको छ । जिम्मेवार व्यक्तिहरुबाट नै यस प्रकारका घृणित र लज्जास्पत कार्यबाट सिंगो गाउँपालिकाको बदनाम हुनुका साथै निजहरुबाट शैक्षिक क्षेत्रको सुधारको अपेक्षामा तुषारापात भएको छ । विद्यालय जस्तो शान्ती क्षेत्रमा यस प्रकारको अमानविय कार्यको जति नै भत्सर्ना गरेपनि कम हुन्छ । आगामी दिनमा यस प्रकारका कार्यहरु विद्यालय हाताभित्र दोहोरिन नदिई बालबालिकाले शान्त वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न दोषिलाई कडा भन्दा कडा कारवाही गर्न गाउँपालिका प्रतिवद्ध छ । दोषि जो सुकै भएपनि नछोड्ने र घटनाको निष्पक्ष छानबिन बाट दोषि पत्ता लगाई कानूनी दायरामा ल्याउन गाउँ कार्यपालिकाको मिति २०८१ असार १२ गतेको वैठकले वडा नं ६ का वडा अध्यक्ष श्री विशाल खड्काको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको र उक्त समितिको सदस्यमा वडा नं ३ का वडा अध्यक्ष श्री गोकर्ण रावल, ४ नं वडाका वडा अध्यक्ष श्री अमर बहादुर रोकाया, महिला विकास तथा बालबालिका शाखा प्रमुख श्री शान्ती भक्री सेजुवाल र शिक्षा विकास शाखा प्रमुख श्री सुरत बहादुर शाहीलाई तोकिएको जानकारी गराउँदछु । साथै गठित समितिले अबको ७ दिन भित्र सत्यतथ्य छानबिन गरी सोको प्रतिवेदन गाउँ कार्यपालिकालाई बुझाउने र प्राप्त प्रतिवेदनको अध्ययन पश्चात दोषिलाई आवश्यक कारवाही गरिने विश्वास आम विद्यार्थी, अभिभावक र सरोकारवाला निकायलाई दिलाउन चाहन्छु । आगामी दिनमा यस प्रकारको घटना घट्न नदिई विद्यालयलाई शान्ती क्षेत्रको रुपमा विकास गर्न र विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सम्पुर्ण सरोकारवाला निकायलाई आग्रह गर्दै आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न अनुरोध गर्दछु । साथै सरोकारवाला सबैले छानबिन समितिलाई आवश्यक सहयोग गरिदिनहुन समेत अनुरोध छ ।

२०८१ असार १२

नन्द प्रसाद चौलागाई

अध्यक्ष

वेव साईट: www.tatopanimun.gov.np ईमेल: ito.tatopanimun@gmail.com फोन: ९८६८९०२१११